छानबिन समिति बनाउन सरकार अनिच्छुक

पृष्ठ १ बाट

'प्रहरीका विभिन्न युनिटले आन्तरिक रूपमा अनुसन्धान गरिरहेका छन्,' उनले भने, 'त्यसकारण समिति आवश्यक छैन।' सरकारले व्यवस्थाविरोधी आन्दोलन र हिंसात्मक घटनाको छानबिन गर्न मन्त्रालय वा अन्य तहबाट तत्काल समिति नबनाई अनुसन्धानका लागि प्रहरीलाई नै जिम्मा दिएको संकेत गरेको छ। 'व्यवस्थाविरोधी आन्दोलन र हिंसाको कहीँ पनि छानबिन समिति बन्दैन,' गृहको उच्च स्रोतले भन्यो, 'त्यसकारण तीनकुने घटनाको अनुसन्धान गर्न प्रहरीलाई नै जिम्मा दिइएको हो।'

पूर्वराजा ज्ञानेन्द्र शाहलाई तेस्रो पटक श्रीपेच लगाइदिने अभियानमा लागेको समूह अराजक देखिएपछि तीनकुने रणमैदानमा परिणत भएको थियो। सरकारले तोकेको तीनकुने क्षेत्रमा राजावादीले गरेको प्रदर्शन उग्र बन्दा एक पत्रकारसहित दुई जनाको ज्यान मात्रै गएन, थप २० जना घाइतेसमेत भए। घाइतेहरूको विभिन्न अस्पतालमा उपचार भइरहेको छ। प्रहरीले सो घटनामा संलग्नहरूलाई पक्राउ गर्दै कानुनी कारवाहीका लागि अनुसन्धान गर्न काठमाडौं जिल्ला अदालतबाट समय लिएको छ। सोही घटनामा संलग्न भएको आरोपमा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) का वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र र महामन्त्री एवं प्रतिनिधिसभा सदस्य धवलशमशेर राणाको अनुसन्धान गर्न बुधबार मात्र थप १५ दिनको समय लिएको छ। बुधवारसम्ममा काठमाडौं प्रहरी परिसरले ७७ जनालाई पक्राउ गरिसकेको छ।

विवादित मेडिकल व्यवसायी दुर्गा प्रसाई समूहको अराजकता नियन्त्रण गर्ने क्रममा सुरक्षाकर्मीसहित दर्जनौं घाइते भए। अर्बौंको निजी सम्पत्ति नोक्सान भएको छ। राजा ल्याउने अभियानको 'कमान्डर' भनिएका प्रसाई आफैं सुरक्षाकर्मीमाथि गाडी चलाएर आक्रमणमा उत्रिएका थिए। त्यसपछि उत्तेजित बनेको भिड ढुंगामुढा गर्नेतिर लागेको थियो। भिड अनियन्त्रित बनेपछि 'सभाका नायक' बनेका नवराज सुवेदी भागेका थिए भने प्रसाई पनि गाडी लिएर फरार भएका थिए।

चैत १५ गते आन्दोलनका नाममा भिडलाई उत्तेजित बनाउँदै उक्साउने प्रसाई हिँडेपछि अराजक व्यक्तिहरूले निजी घरमा आगजनी गरेका थिए। प्रदर्शनकारीले जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीका आठवटा गाडीमा आजगनी गरेका थिए। आन्दोलनकारीको आक्रमणबाट जडीबुटी उत्पादन तथा प्रशोधन कम्पनीले २८ करोडमाथिको नोक्सानी बेहोरेको छ। आक्रामक देखिएको भिडले ट्राफिक बिट पनि भत्काएको थियो। त्यही भिडले पेरिसडाँडास्थित माओवादी केन्द्रको मुख्यालयमा मोटरसाइकल तोडफोड गरेको थियो भने नेकपा एकीकृत समाजवादीको मुख्यालयमा पनि आगजनी गरेका थिए। उनीहरूले कोटेश्वरस्थित भाटभटेनी सुपरमार्केटभित्र पसेर लुटपाट मच्चाउनुका साथै तोडफोड गरेका थिए। उनीहरू हातहातमा बियरका सिसी, ह्विस्कीका बोतल र लुटिएका अन्य सामग्री बोकेर हिँडेका देखिन्थे। राजावादीको प्रदर्शन हिंसात्मक बनेपछि काठमाडौं जिल्ला प्रशासन कार्यालयले तीनकुने र आसपासका क्षेत्रमा कर्फ्यु आदेश जारी गर्नुपर्ने अवस्था निम्तिएको थियो।

अहिले प्रसाईंबाहेक लुटपाट र हिंसामा संलग्नलाई प्रहरीले भटाभट पक्राउ गरिरहेको छ। अझै पक्राउ पर्ने प्रहरीको दाबी छ। राजावादीहरूको प्रदर्शनलाई तितरबितर पार्ने क्रममा प्रहरीले तीनकुने क्षेत्रमा साढे दुई सय राउन्ड गोली प्रहार गरेको स्विकारेको छ। प्रहरीले प्रदर्शन हिंसात्मक भएपछि नियन्त्रणका लागि गोली चलाएको प्रस्टीकरण दिएको छ। सोही क्रममा व्यक्तिलक्षित ५८ राउन्ड गोली प्रहार भएकोमा २० जनालाई लागेको नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी दिनेश आचार्यले बताएका छन्। प्रहरीको गोली लागेर रेबिका खत्रीसहित अन्य केहीको गम्भीर अवस्थामा उपचार भइरहेको छ। स्थिति अनियन्त्रित हुन थालेपछि प्रहरीले एक सय ९२ पटक हवाई फायर गरेको डिआइजी आचार्यको दाबी छ। भिड नियन्त्रणका लागि प्रहरीले सात सय ४६ राउन्ड अश्रु ग्यास प्रहार गरेको थियो। प्रदर्शनकारीहरू निषेधित क्षेत्र तोड्दै संसद् भवनतर्फ अघि बढ्न खोजेपछि पहिले अश्रुग्यास प्रहार गरेको र विमानस्थलतर्फ अघि बढेपछि गोली प्रहार गरेको डिआइजी आचार्यको दाबी छ। रेबिका र उनका दाजुसहित केही व्यक्तिलाई भने झुक्किएर गोली लागेको उनको भनाइ छ।

आन्दोलनको नेतृत्व गरिरहेका प्रसाईंकै कारण भिड उत्तेजित भएको निष्कर्षमा प्रहरीको छ। प्रहरीले निषेधित क्षेत्रबाट हटाएपछि तीनकुनेको मञ्चबाट प्रसाईंसहित रवीन्द्र मिश्रले संसद् भवन, सिंहदरबार र विमानस्थल कब्जा गर्न माइकिङ गरेपछि प्रदर्शनकारी तोडफोडमा उत्रिएका थिए। सुरक्षा निकायका अनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौंले तीनकुने क्षेत्रमा प्रसाईंको समूहलाई कार्यक्रम गर्न दिँदा यस्तो दुर्घटना भएको दाबी गरिएको छ।

दुर्गा प्रसाईं भारतीय प्रहरीको नियन्त्रणमा रहेको दाबी

चैत १५ गते काठमाडौंको तीनकुनेमा प्रसाईंको नेतृत्वमा भएको प्रदर्शनले हिंसात्मक रूप लिएपछि दुई जनाको ज्यान गएको थियो। त्यसक्रममा व्यापक तोडफोड, आगजनी र लुटपाट भएको थियो। सुरक्षाकर्मीहरूलाई गाडी लिएर किच्न खोजेका प्रसाई त्यही दिन फरार भएका थिए। फरार रहेकै अवस्थामा प्रसाईंले बुधवार मात्रै आफ्नो जीवनरक्षाको सुनिश्चित भए प्रहरीसमक्ष उपस्थित हुने बताएका थिए। सामाजिक सञ्जाल फेसबुकमा लाइभ गर्दै प्रसाईंले आफ्नो जीवनको रक्षाको सुनिश्चितता भए २४ घण्टाभित्र प्रहरीसमक्ष उपस्थित हुने जनाएका थिए। 'मेरा वकिलहरू धुव्रलाल श्रेष्ठ, स्वागत नेपाल, टंक दुलाल, सुशील पन्त, डा. सुरेन्द्र भण्डारी, रमन श्रेष्ठ, डा. भीमार्जुन आचार्य र मानव अधिकार आयोगको रोहबरमा हो भने म भोलि (बिहीबार) २४ घण्टाभित्र पुलिस प्रशासनमा उपस्थित हुन्छु। मलाई खोज्नुपर्दैन। भारत भागेको भनिएको छ। म कतै भागेको छैन। नेपालमै छु नेपालकै कुनै ठाउँमा बसिरहेको छु। मेरो जीवनको रक्षाको सुनिश्चित हुन्छ भने म बाहिर आउन तयार छु,' उनले भनेका थिए। तर उनले आफू नेपाल रहेर भनेर ढाट्दै आएको स्पष्ट भएको छ।

बुधवार नै सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं नेकपा एमालेका उपमहासचिव पृथ्वी सुब्बा गुरुङले दुर्गा प्रसाईंलाई राज्यले पक्राउ गर्ने बताएका थिए। बुधवार साँझ नागरिक न्युजको 'फ्रन्टलाइन' कार्यक्रममा बोल्दै उनले प्रसाईंले राज्यविरुद्ध अराजकता फैलाएकाले सुरक्षा नदिएर पक्राउ गर्ने बताएका थिए। 'ऊ आओस् वा नआओस्, हामीलाई मतलब छैन। राज्यसँग बार्गेनिङ गर्ने ? आगजनी, लुटपाट र अराजकता फैलाउनेलाई राज्यले सुरक्षा दिन्छ कि पक्राउ गर्छ ? पक्राउ नपरुन्जेल उनलाई छोड्दिँदैन,' सञ्चारमन्त्री गुरुङले भनेका थिए। चैत १५ मा प्रसाईंको नेतृत्वमा भएको प्रदर्शनले शान्तिसुरक्षामा खलल पुऱ्याएको र संविधानमाथि आक्रमण गरेको उनको भनाइ थियो।' यो राज्यविप्लव हो, चाहे पूर्वराजा ज्ञानेन्द्र शाहले गरोस् वा अरू कसैले, संविधानको रक्षा राज्यले गर्छ,' उनले भनेका थिए।

प्रहरीका अनुसार प्रसाईंकै बडीगार्ड दीपक खड्का, रामकुमार धिताल र सहयोगी दुरेन राईलाई पनि प्रसाईंसरह खोजी भइरहेको थियो। उनीहरूमध्ये केही बुधबार नै नेपाल आइसकेको स्रोतको दाबी छ। यसअघि व्यवसायीलाई भारतीय कुख्यात ग्याङस्टर लरेन्स विस्नोई समूह पनि प्रसाईंको कनेक्सनमा देखिएको थियो।

विश्व अर्थतन्त्र बिथोल्दै अमेरिका–चीन व्यापार युद्ध

पृष्ठ १ बाट

विशेषगरी विश्वका दुई ठुला अर्थतन्त्र चीन र अमेरिकाबिच टकराव बढेको छ।

ट्रम्पको ताजा घोषणाप्रति चीनले 'चुपचाप' नबस्ने बताएको छ। चीनको सरकारी मिडिया सिन्ह्वाले वाणिज्य मन्त्रालयका एक अधिकारीलाई उद्धृत गर्दै भनेको छ, 'जब आफ्ना जनताको वैध अधिकार र हितमा चोट पुऱ्याइन्छ, चीन सरकार चुपचाप बस्नेछैन।'

अमेरिका र चीनबिचको द्विपक्षीय व्यापार गत वर्ष करिब पाँच सय ८५ अर्ब डलर थियो। अमेरिकाले चीनबाट चार सय ४० अर्ब डलर बराबरको आयात गरेको थियो भने चीनले अमेरिकाबाट एक सय ४५ अर्ब डलर बराबरको आयात गरेको थियो। त्यसो त पहिलो पटक राष्ट्रपति हुँदा पनि ट्रम्पले चिनियाँ वस्तुहरूमा भारी कर लगाएका थिए। उनका उत्तराधिकारी राष्ट्रपति जो बाइडेनले यी करलाई कायम राखेका थिए। यिनै करका कारण अमेरिकी आयातमा चीनको योगदानमा कमी आएको थियो। सन् २०१६ मा कुल अमेरिकी आयातको २१ प्रतिशत हिस्सा चीनले लिएको थियो तर गत वर्ष यो घटेर १३ प्रतिशतमा खुम्चिएको थियो। त्यसैले व्यापारमा चीनमाथि रहेको अमेरिकी निर्भरता पछिल्लो एक दशकमा कमी आएको छ।

कतिपय विश्लेषकहरूका अनुसार अमेरिकामा हुने चिनियाँ सामानका कतिपय निर्यातहरू दक्षिणपूर्वी एसियाली देशहरूमार्फत हुने गरेका छन्। उदाहरणका लागि ट्रम्पले चीनबाट आयात हुने सोलार प्यानलमा सन् २०१८ मा ३० प्रतिशत कर लगाउने घोषणा गरेका थिए। तर अमेरिकी वाणिज्य विभागले २०२३ मा जनाएअनुसार चीनका सोलार प्यानल निर्माताहरूले मलेसिया, थाइल्यान्ड, कम्बोडिया, भियतनामजस्ता देशहरूमा आफ्नो एसेम्बली स्थापना गरिसकेका थिए र ती देशहरूको बाटो हुँदै उत्पादनहरू अमेरिका पठाइएका थिए। यसरी चीनका कम्पनीहरू करको प्रभावबाट बच्न सफल भएका थिए।

सन् २०२४ मा अमेरिकाबाट चीनमा निर्यात हुने मुख्य वस्तुहरूमा सोयाबिन, फर्मास्युटिकल्स र पेट्रोलियम पदार्थहरू पर्छन् भने चीनबाट अमेरिकामा निर्यात हुने सामानमा ठुलो मात्रामा इलेक्ट्रोनिक्स, कम्प्युटर र खेलौनाहरू छन्। इलेक्ट्रिक गाडीहरूका लागि आवश्यक ब्याट्रीको ठुलो हिस्सा पनि चीनले निर्यात गर्छ। चीनबाट अमेरिकामा हुने कुल निर्यातको ९ प्रतिशत हिस्सा स्मार्टफोनले लिएको छ। यी स्मार्टफोनहरूको ठुलो हिस्सा अमेरिकी बहुराष्ट्रिय कम्पनी एप्पलका लागि बनाइन्छ। यही कारणले चीनमाथि अमेरिकी कर लगाइएपछि पछिल्ला साताहरूमा एप्पलको सेयर बजारको मूल्य सबैभन्दा बढी घटेको छ। गत एक महिनामा मात्रै यसको सेयरमा २० प्रतिशतसम्म गिरावट आएको छ।

पहिलो कार्यकालमा ट्रम्पले चीनलाई २० प्रतिशत कर लगाएपछि अमेरिकामा चीनबाट आयातित सामानको मूल्य ह्वात्तै बढेको थियो। अब आएर सबै चिनियाँ वस्तुहरूमा १२५ प्रतिशत कर लाग्दा अमेरिकामा यसको असर धेरै गुणा बढी हुने विश्लेषकहरू बताउँछन्। यही स्थिति चिनियाँ उपभोक्ताले बेहोर्नुपर्ने देखिएको छ। अमेरिकी निर्यातमा जवाफी कर लगाउँदा चीनमा पनि कतिपय सामग्रीको मूल्य बढ्नेछ र चीनका उपभोक्ताहरूमा यसको प्रत्यक्ष मारमा पर्नेछ। तर करका प्रावधानबाहेक अन्य माध्यमबाट यी दुई देशसँग एकअर्कालाई नोक्सान पुऱ्याउने अन्य उपायहरू पनि छन्। उदाहरणका लागि अमेरिकी उद्योगहरूका लागि आवश्यक पर्ने तामादेखि लिथियमजस्ता धातु रिफाइन गर्ने कार्यमा चीनको मुख्य भूमिका छ। बेइजिङले यी धातुहरूलाई अमेरिका पुग्न बाधा पुऱ्याउन सक्छ। यसअघि नै चीनले जर्मेनियम र ग्यालियमजस्ता दुई धातुमा यस प्रकारको अवरोध गरिसकेको छ। यी दुवै धातु सेनाले थर्मल इमेजिङका लागि प्रयोग गरिन्छ।

यसैगरी पूर्वराष्ट्रपति जो बाइडेनले सुरु गरेको 'टेक्नोलोजिकल ब्लकेड'लाई अमेरिकालले अझ कडा पार्न सक्ने देखिएको छ। यसो गर्दा चीनलाई 'एडभान्स्ड माइक्रोचिप्स' आयात गर्न अझ कठिनाइ हुन सक्छ। यी सामग्री आर्टिफिसियल इन्टेलिजेन्स (एआई) जस्ता एप्लिकेसनहरूका लागि अत्यन्त महत्त्वपूर्ण मानिन्छ। चीनले यस्ता सामग्री अझै आफैंले बनाउन सकेको छैन।

अन्तर्राष्ट्रिय मुद्रा कोष अर्थात् आइएमएफका अनुसार यस वर्ष कुल विश्वव्यापी अर्थतन्त्रमा अमेरिका र चीनको अर्थतन्त्रको हिस्सा करिब ४३ प्रतिशत छ। यदि यी दुवै देशबिच व्यापक व्यापार युद्ध भयो भने यसले दुवैको विकास दरलाई सुस्त बनाउनेछ अथवा उनीहरूलाई मन्दीतर्फ धकेल्न सक्छ। यसबाट उत्पन्न सुस्त विश्वव्यापी विकास दरले अन्य देशका अर्थतन्त्रलाई पनि नोक्सान पुग्नेछ। विश्वव्यापी लगानीमा पनि नकारात्मक असर पर्ने विज्ञहरू ठान्छन्।

यसैगरी यो सम्भावित व्यापार युद्धका अन्य खतरा पनि छन्। विभिन्न वस्तुको विश्वको सबैभन्दा ठुलो उत्पादक राष्ट्र चीन हो र यसले घरेलु मागभन्दा धेरै ठुलो स्तरमा विभिन्न वस्तुको उत्पादन गर्छ। चीनले घरेलु सहुलियत र मन पर्ने कम्पनीहरूलाई कम ब्याजमा ऋण दिएर सस्तो हिसाबले वस्तुहरूको उत्पादन गर्छ। स्टिल यसको एक उदाहरण हो। अब यस्ता उत्पादन अमेरिका नपठाइएको अवस्थामा चीनका कम्पनीहरूले तिनीहरूलाई अन्य देशहरूमा 'डम्प' गर्न सक्छन्। एकातिर यो आम उपभोक्ताका लागि लाभदायक हुन सक्छ तर यो डम्पिङले ती देशका उद्योगहरूलाई नराम्रो असर पर्नेछ। यसले त्यहाँ रोजगारी गुम्नेछ र बेरोजगारी बढ्नेछ। चीन र अमेरिकाबिच खुला व्यापार युद्धको क्षति विश्वव्यापी स्तरमा हुनेछ। (बिबिसीमा आधारित)

कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८१ साल चैत महिना २९ गते शुक्रबार)

यस विकास बैंकको शाखा कार्यालय नारायणगढबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावाँ, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउदछौ। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

१) ऋणीको विवरण

शोभाकान्त उपाध्यायको छोरी पदम पाणी पाध्याको बुहारी महेश प्रसाद शर्माको पत्नी पर्वत जिल्ला थापाठाना वडा नं. ४ हाल, चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १ बस्ने **देबी कुमारी शर्मा** (ना.प्र.नं. : ५१३०१६/५६ जारी मिति र जिल्ला :२०६३/११/१५, पर्वत)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) गुरुदत्त पाध्याको नाति पदम पाणी पाध्याको छोरा पर्वत जिल्ला थापाठाना वडा नं. ४ हाल, चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १ बस्ने **महेश प्रसाद शर्मा** (ना.प्र.नं. : ३८९ जारी मिति र जिल्ला : २०४४/१२/११, पर्वत)

२) टिकाराम उपाध्यायको नाति टंकनाथ उपाध्यायको छोरा बाग्लुङ जिल्ला छिस्ती वडा नं. १ हाल, चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १० बस्ने **लेखनाथ उपाध्याय** (ना.प्र.नं. : ५०१०३०/५२६१ जारी मिति र जिल्ला : २०६५/०२/०५ ,बाग्लुङ)

२) ऋणीको विवरण

चिरञ्जीवी पंगेनीको नाति भेषराज पंगेनीको छोरा स्याङजा जिल्ला वालिङ वडा नं. ९ हाल, चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ९ बस्ने **अरुण पंगेनी** (ना.प्र.नं. : ४२२०४१/९/५७ जारी मिति र जिल्ला : २०६७/०४/२५, स्याङजा)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) भानुभक्त उपाध्याको नाति गुरु प्रसाद उपाध्यायको छोरा स्याङजा जिल्ला पुतलीबजार वडा नं. ३ हाल, चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ९ बस्ने **तुलसी राम मरासिनी** (ना.प्र.नं. : २४३ जारी मिति र जिल्ला : २०५७/०४/०२, स्याङजा)

२) गुण बहादुर गुरुङको नाति गर्भलाल गुरुङको छोरा चितवन जिल्ला शक्तिखोर वडा नं. ४ बस्ने **साजन गुरुङ** (ना.प्र.नं. : ३५१०१४/३७७ जारी मिति र जिल्ला : २०६८/०३/०९, चितवन)

३) ऋणीको विवरण

भानुभक्त उपाध्याको नाति गुरु प्रसाद उपाध्यायको छोरा स्याङजा जिल्ला पुतलीबजार वडा नं. ३ हाल, चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ९ बस्ने **तुलसी राम मरासिनी** (ना.प्र.नं. : २४३ जारी मिति र जिल्ला :२०५७/०४/०२, स्याङजा)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) गुरु प्रसाद उपाध्यायको बुहारी तुलसी राम मरासिनीको पत्नी स्याङजा जिल्ला पुतलीबजार वडा नं. ३ हाल, चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ९ बस्ने **निर्मला मरासिनी (पंगेनी)** (ना.प्र.नं. : ९४६५१ जारी मिति र जिल्ला : २०६५/०५/११, स्याङजा)

२) हर्क बिर गुरुङको नाति गर्भलाल गुरुङको छोरा चितवन जिल्ला शक्तिखोर वडा नं. ४ हाल, भरतपुर म.न.पा. वडा नं. ११ बस्ने **साजन गुरुङ** (ना.प्र.नं. : ३५१०१४/३७७ जारी मिति र जिल्ला : २०६८/०३/०९, चितवन)

४) ऋणीको विवरण

नारनदत्त तिमिल्सीनाको नाति सदानन्द तिमिल्सीनाको छोरा काभ्रेपलाञ्चोक जिल्ला डुवर्क वडा नं. ७ हाल, चितवन जिल्ला कालीका न.पा. वडा नं. ७ बस्ने **राजन तिमल्सिना** (ना.प्र.नं. : १२९५८३ जारी मिति र जिल्ला : २०६१/०४/०७, काभ्रेपलाञ्चोक)

व्यक्तिगत धनजमानीकर्ताको विवरण

१) खिल प्रसाद शर्माको छोरी मोतीलाल श्रेष्ठको बुहारी चन्द्रमान श्रेष्ठको पत्नी धादिङ जिल्ला गङ्गाजमुना गा.पा. वडा नं. ६ हाल, चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ११ बस्ने **राधिका भट्ट श्रेष्ठ** (ना.प्र.नं. : १३३३३० गोरखा जारी मिति र जिल्ला : २०६२/०७/२९, धादिङ)

२) राज कुमार श्रेष्ठको बुहारी सुधिर कुमार श्रेष्ठको पत्नी चितवन जिल्ला भरतपुर वडा नं. ८ हाल, भरतपुर म.न.पा. वडा नं. ८ बस्ने **सरस्वती श्रेष्ठ** (ना.प्र.नं. : ३५३०२५/१७७२ जारी मिति र जिल्ला : २०६३/१०/२६, चितवन)

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No.: 16600149999
E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ

त्रिवि...

पृष्ठ १ बाट

त्रिवि ऐनअनुसार शिक्षाध्यक्षलाई तीन महिनाका लागि निमित्त उपकुलपतिको जिम्मेवारी दिन सकिन्छ। त्रिविमा करारलाई स्थायी गर्नुपर्ने र आंशिकलाई करार गर्नुपर्ने माग पेचिलो बन्दै गएको छ। नेपाल प्रजातन्त्रवादी प्राध्यापक संघका अध्यक्ष जगत तिमलसिनाले अब राज्यले त्रिविमा निरोगी उपकुलपति नियुक्त गर्नुपर्ने बताए।

उनले भने, 'उपकुलपति वराललले शिक्षक, कर्मचारीको दबाब थेग्न सक्नु भएन, राजीनामा दिनु भयो। यसमा उहाँ आफैं दोषी हो।'

संरक्षक...

उक्त बैठकमा कार्यदलका सबै सदस्य सहभागी थिए। नाउपाले वैशाख ७ र ८ गते केन्द्रीय समितिको बैठक बोलाएको छ। उक्त बैठकले जनमत पार्टीसँगको एकीकरण प्रक्रियालाई अनुमोदन गर्ने भएको छ। प्रतिनिधिसभामा जनमत पार्टीबाट प्रत्यक्ष निर्वाचित एकसहित ६ सांसद छन्। त्यस्तै प्रतिनिधिसभामा नाउपाका चार सांसद छन्।

इच्छाकामना गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार, चितवन

चितवन जिल्लाको इच्छाकामना गाउँपालिकाको त्रिशुली नदी र कालीखोलाका विभिन्न बगर क्षेत्रबाट ढुंगा, गिट्टी तथा बालुवा संकलनकार्यका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारीको सिल सिलामा राय सुझावको लागि जारी गरिएको सार्वजनिक सूचना

प्रकाशन मितिः २०८१।१२।२९

इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार, चितवन, बाग्मती प्रदेश, नेपालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	इच्छाकामना गाउँपालिका
प्रस्तावको व्यहोरा	चितवन जिल्लाको इच्छाकामना गाउँपालिकास्थित त्रिशुली नदी र कालीखोलाको विभिन्न क्षेत्रबाट दिगो रुपमा ढुंगा
उत्खनन/संकलनका लागि प्रस्ताव गरिएका बगरहरू	१. त्रिशुली नदीको जीवन बगर
प्रभाव पार्न सक्ने क्षेत्र	२. कालीखोलाको बगर

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, अन्य सार्वजनिक स्थान तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:

प्रस्तावकको नाम र ठेगाना	इच्छाकामना गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
परामर्शदाताको नाम र ठेगाना	कुरिनटार, चितवन बाग्मती प्रदेश, नेपाल

वर्गीकृत विज्ञापन/डिस्प्ले

घरजग्गा बिक्रीमा

धुम्बाराहीमा फ्ल्याटसिस्टमको 0-7-3-0 नयाँघर विशालनगरमा 0-6-0-0 जग्गा बिक्रीमा: 9841420589

४५ लाखमा लुभु बसपार्क नजिक सिरुटार ठिमी जाने मेनरोडमा ६ आना जग्गा: ९७६७२४२३५४

स्वयम्भु भगवानपाउको अत्याधुनिक घर तुरुन्तै बिक्रीमा कृपया दलालले कष्ट नगर्नुहोला ९८०६६५८८००, ९८०३८२२२७२

ज्ञानेश्वर मेनरोडमा २ आना १ पैसा जग्गा सुपथ मुल्यमा: ९७६७२४२३५४

सस्तो मुल्यमा काठमाडौं गोलढुंगाको तुरुन्तै बिक्रीमा कृपया दलालले कष्ट नगर्नुहोलाः ९७६७६५५२९५, ९८०३२३१८७६

होटल बिक्रीमा

स्वयम्भु बिजेश्वरी हाइवेको चलिरहेको होटल ॐ जग्गा सहित तुरुन्तै सुपथ मूल्यमा बिक्रीमा: ९८०३८२२२७२, ९८०६६५८८००

Urgent Required

Lower Secondary
Maths Teacher-1 Nos
Computer Teacher-1 Nos
West Wing Secondary School/College
Lubhoo, Mahalaxmi Municipality-8, Lalitpur
Tel: 01-5580939
Email: school.westwing@gmail.com

वर्गीकृत डिस्प्ले

कलर प्रति बक्स
१x५ = रु.१८००/-* मात्र
१x१० = रु.४०००/-* मात्र
श्याम/श्वेत प्रति बक्स
१x५ = रु.१२५०/-* मात्र
१x१० = रु.२८००/-* मात्र
*मू.अ.क. बाहेक

मार्केटिङ विभाग: ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com

सरकार–शिक्षक वार्ता गर्न गृहकार्य

पृष्ठ १ बाट

छलफलमा शिक्षक महासंघबाट सहअध्यक्ष नानुमाया पराजुली नेतृत्वको टोली र सरकारका तर्फबाट शिक्षामन्त्री विद्या भट्टराई नेतृत्वको टोली सहभागी थिए। साँझ ५ बजे थालिएको छलफल डेढ घण्टाजति चलेको थियो। तर शिक्षक महासंघले अजेन्डा बुझाउन मात्रै मन्त्रालय गएको बताएको छ। शिक्षा मन्त्रालय स्रोतका अनुसार दुवै पक्षको आन्तरिक छलफलपछि आपसी गृहकार्य गरेर मात्र वार्ता हुनेछ। मन्त्रालयले महासंघलाई शिक्षा विधेयकका विभिन्न बुँदामा छलफलका लागि सहयोग गर्न आग्रह गरेको र ऐन जारी गर्ने सुनिश्चित भए मात्र विधेयकको भित्री विषयमा छलफल गर्न तयार रहेको जवाफ महासंघले दिएको बताइएको छ।

छलफलका लागि शिक्षा मन्त्रालयमा जाने क्रममै महासंघले २४ बुँदे ध्यानाकर्षणपत्र बुझाएको छ। शिक्षक महासंघसँग सरकारले विगतमा गरेका सबै सहमति सम्बोधन हुने गरी विद्यालय शिक्षा ऐन जारी हुनुपर्ने माग उक्त ध्यानाकर्षणपत्रमार्फत गरिएको छ। 'अहिलेको नेपाली शिक्षक-कर्मचारी आफ्ना विगतका सबै सहमति सम्बोधन हुने विद्यालय शिक्षा ऐनको खोजी गर्दै आन्दोलनमा आएका हुन्। संसद्को बर्खे अधिवेशन तत्काल सुरु गर्ने, विशेष अधिवेशन आह्वान गर्ने वा अध्यादेश जारी गर्नेमध्ये एउटा विकल्पमार्फत विद्यालय शिक्षा ऐन जारी हुन सक्छ,' शिक्षक महासंघका अध्यक्ष लक्ष्मीकिशोर सुवेदी र महासचिव तुलबहादुर थापाद्वारा हस्ताक्षरित ध्यानाकर्षणपत्रमा भनिएको छ, 'नयाँ शिक्षा ऐन जारी गर्ने सवालमा सरकारको मार्गचित्र के हो ? त्यसमा प्रस्टता आवश्यक छ। साथै विगतका सहमति कार्यान्वयन गर्ने सन्दर्भमा मन्त्रिपरिषद्को निर्णयबाट सम्बोधन हुन सक्ने विषयमा आवश्यक निर्णय लिन विलम्ब किन भएको हो ? यसको ठोस जवाफ महासंघले खोजेको छ।'

सरकारले शिक्षकहरूलाई तीनपटक वार्तामा बोलाएको थियो। चैत २१ र २६ मा विज्ञप्ति निकालेर र २२ चैतमा पत्र नै लेखेर शिक्षकहरूलाई वार्तामा बोलाइएको थियो। महासंघले पनि विज्ञप्ति नै जारी गरेर विगतमा भएका सहमति मन्त्रिपरिषद्‌बाट अनुमोदन गरी विद्यालय शिक्षा ऐन जारी गर्ने सुनिश्चिततासहितको प्रतिबद्धता सरकारी निकायबाट आए मात्र वार्तामा बस्ने भनेको थियो। अहिले पनि वार्तामै बसिसकेको अवस्था भने तय भइनसकेको महासंघको भनाइ छ।

शिक्षक महासंघ चैत २० देखि काठमाडौंमा आन्दोलनरत छ। आन्दोलनको नवौं दिन बिहीबार शिक्षकहरूले माइतीघर चोकदेखि बिजुलीबजार पुलसम्मको सडकको तीनवटै लेन कब्जा गरेर प्रदर्शन गरेका थिए। सोही क्रममा शिक्षक र प्रहरीबिच धम्साधम्सी पनि भएको थियो। एकातिर वार्ता र अर्कातिर आन्दोलन सँगसँगै अघि बढाउने भन्दै शिक्षकहरूले वार्ता निष्कर्षमा पुगेर ऐन जारी नभएसम्म घर नफर्किने बताइरहेका छन्।

बारमा मिश्र समूह विजयी

पृष्ठ १ बाट

बारको २७औं केन्द्रीय कार्यसमितिका लागि गत शनिबार भएको निर्वाचनको मत परिणाम बिहीबार घोषणा गरिएको हो।निर्वाचन परिणाम घोषणापछि नागरिकसँगको कुराकानीमा मिश्रले बारले संविधान संशोधनमा सघाउने बताए। 'न्यायपालिका सुधारका लागि हालसम्म बनेका प्रतिवेदन कार्यान्वयनका लागि पहल गर्दै संविधान संशोधनमा सहयोग पुऱ्याउने छौं,' मिश्रले भने, 'लयर्स एकेडेमीमार्फत नवोदित, अन्य कानुन व्यवसायीका लागि क्षमता अभिवृद्धि तालिमलगायतका काम गर्छौं।' साथै युवा र महिला कानुन व्यवसायीलाई विशेष कार्यक्रममार्फत सम्बोधन गरिने पनि उनले बताए।

नेपाल बारका प्रमुख निर्वाचन अधिकृत वरिष्ठ अधिवक्ता रामकृष्ण निरालाले बिहीबार औपचारिक रूपमा विजयी उम्मेदवारको नाम सार्वजनिक गरेका हुन्। घोषित मत परिणामअनुसार अध्यक्ष पदका उम्मेदवार मिश्र पाँच हजार ५२ मत ल्याएर विजयी भएका हुन्। उनका निकटतम प्रतिद्वन्द्वी वरिष्ठ अधिवक्ता रमनकुमार श्रेष्ठले दुई हजार ६२१ मत प्राप्त गरेका छन्।

बारको अध्यक्ष पदका लागि पाँचजनाको उम्मेदवारी दर्ता भएको थियो। तीमध्ये निर्वाचनमा बारको नयाँ नेतृत्वका लागि 'बृहत् लोकतान्त्रिक, प्रगतिशील, पेसागत, राष्ट्रवादी एवं समावेशी कानुन व्यवसायी' समूह र 'व्यावसायिक कानुन व्यवसायी' समूहबीच प्रतिस्पर्धा भएको थियो। निर्वाचनमा मिश्रले 'बृहत् लोकतान्त्रिक, प्रगतिशील, पेसागत, राष्ट्रवादी एवं समावेशी कानुन व्यवसायी' समूह र श्रेष्ठले 'व्यावसायिक कानुन व्यवसायी' समूहको नेतृत्व गरेका थिए। मिश्र सत्ता गठबन्धन निकट कानुन व्यवसायीका साझा उम्मेदवार थिए। श्रेष्ठ नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टीलगायत दल निकट कानुन व्यवसायीका साझा उम्मेदवार थिए। अध्यक्ष पदका अन्य उम्मेदवार राजु कैती, उज्वल घिमिरे र आशीष पौडेलले सय मत पनि कटाउन सकेनन्।

त्यसैगरी महासचिव पदका उम्मेदवार मिश्र समूहकै केदारप्रसाद कोइराला चार हजार ८७४ मत ल्याएर विजयी भएका छन्। उनका निकटतम प्रतिस्पर्धी यज्ञमणि न्यौपानेले २ हजार ३६७ मत पाए।

बारको अध्यक्ष, महासचिव, कोषाध्यक्ष, सातै प्रदेशबाट उपाध्यक्ष, सदस्य गरी २५ पदका लागि ५७ जना चुनावी मैदानमा थिए। अध्यक्षसहित २५ जना नै मिश्र समूहबाट विजयी भएका छन्। विजयी सबैले प्रतिस्पर्धीभन्दा दोब्बर मत पाएका छन्। विजयीमध्ये कतिपयले दोब्बरभन्दा बढी मत ल्याएका छन्। कोषाध्यक्षमा वरिष्ठ अधिवक्ता जगतबहादुर कार्की पाँच हजार ८७ मतसहित विजयी भएका छन्। उनका प्रतिस्पर्धी अधिवक्ता दीपक राईले एक हजार ९५० मत पाएका छन्।

उपाध्यक्षमा सातै प्रदेशबाट एक/एक र महिला एम गरी ८ जना निर्वाचित भएका छन्। उपाध्यक्षमा कोसी प्रदेशबाट पदमप्रसाद लिम्बु, मधेस प्रदेशबाट अजयशंकर झा, बागमती प्रदेशबाट तेजबहादुर रावल, गण्डकी प्रदेशबाट भूपेन्द्र खनाल, लुम्बिनी प्रदेशबाट कृष्णप्रसाद पोखरेल, कर्णाली प्रदेशबाट विवसकुमार बस्नेत, सुदूरपश्चिम प्रदेशबाट सिद्धराज ओझा र महिलातर्फ सरस्वती श्रेष्ठ निर्वाचित भएका छन्।

सदस्यमा दलित, मधेसी, मुस्लिम, आदिवासी जनजाति, महिला, खुला क्षेत्रबाट गरी १४ जना निर्वाचित भएका छन्। सदस्यतर्फ चिरञ्जीवी तिलक्यानी (दलित), सूर्यकुमार यादव (मधेसी मुस्लिम काठमाडौं उपत्यका बाहिर), रिंकुकुमारी यादव (मधेसी मुस्लिम खुला), राजकुमार श्रेष्ठ (आदिवासी जनजाति काठमाडौं उपत्यका बाहिर), मंगलसुन्दर शिल्पकार (आदिवासी जनजाति खुला), इन्दिरा आचार्य (महिला काठमाडौं उपत्यका बाहिर), किरण पौडेल (काठमाडौं उपत्यका बाहिर) र रन्जिता कार्की (महिला खुला) विजयी भएका छन्। खुला सदस्यमा किरण न्यौपाने, शारदा गुरुङ, दमनबहादुर चन्द, बाबुराम अर्याल, मुकुन्द अधिकारी र माधव मैनाली विजयी भएका छन्।

आगामी वैशाख ६ गते नेपाल बारको २६औं कार्यसमितिले नवनिर्वाचित समितिलाई पद हस्तान्तरण गर्ने कार्यक्रम छ। नेपाल बारका ९० वटा एकाइमा गरी नौ हजार ९९६ मतदाता थिए। त्यसमध्ये ८० प्रतिशत मतदान भएको थियो। बार कार्यसमिति प्रत्यक्ष निर्वाचनबाट चयन हुने व्यवस्था छ। देशभरका विभिन्न बार एकाइबाट मतपेटिका काठमाडौं ल्याएर गणना गरिएको हो।